# सिरानचोक गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा

# सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:- २०८०-०६-११)

प्रस्तुत बिषयमा यस सिरानचोक गाउँपालिकाको लागी आवश्यक सूचना प्रविधि अधिकृत पद १,प्राविधिक सहायक पद १ तथा नेत्र सहायक (Opthalmic Assistant) पद १ सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले विज्ञापन प्रकाशित भएको मितिले १५ दिन भित्र माग भए बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन अनुरोध गरिन्छ।

| क्र.स | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | सूचना प्रविधि अधिकृत | स्थानिय सेवाको छैटौ तह सरह | १ |
| २ | ०२/०८०/०८१ | प्राविधिक सहायक | स्थानिय सेवाको पाँचौ तह सरह | १ |
| ३ | ०३/०८०/०८१ | नेत्र सहायक (Opthalmic Assistant)<br>नेत्र सहायक | स्थानिय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव सूचना प्रविधि अधिकृत: -

१. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कम्प्युटर ईन्जिनियरिङमा स्नातक वा ईलेक्ट्रोनिक्स ईन्जिनियरिङमा स्नातक वा ईलेक्ट्रिकल र ईलेक्ट्रोनिक्स ईन्जिनियरिङमा स्नातक वा ईलेक्ट्रोनिक्स र कम्यूनिकेसन ईन्जिनियरिङमा स्नातक वा प्रमुख विषय कम्प्यूटर साईन्स लिई स्नातक ( BIT /BIM /BBIS / BCA /BCIS /BEIT /BSC CSIT) उतिर्ण गरेको।

२. उमेर:-दरखास्त दिने अन्तिम मिति सम्म २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

३. अनुभवको हकमा तोकिएको शैक्षिक योग्यता हाँसिल गरि सम्बद्ध कार्यमा कार्यको अनुभव भएको।

४. अन्य प्रचलित कानुन अनुसार अयोग्य नभएको

२. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव प्राविधिक सहायक: -

1. सिभिल इन्जिनियरीङ्गमा प्रविणता प्रमाण पत्र तह/डिप्लोमा तह वा सो सरह उतिर्ण भएको।
2. अनुभव र सिप:- प्राविधिक सहायक पदमा देहायका अनुभव र सिप भएकालाई विशेष प्राथमिकता दिइनेछ:-
   - आधारभूत कम्प्युटर तालिम भएको।
   - सम्बन्धित विषयमा कम्तिमा ६ महिनाको अनुभव भएको।
3. उमेर:-दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव नेत्र सहायक **(Opthalmic Assistant)**

1. नेत्र सहायक (Ophthalmic Assistant) मान्यता प्राप्त शैक्षिक संस्थाबाट अप्थाल्मिक साईन्स मा प्रमाण पत्र तह उतिर्ण गरेको।
2. उमेर:-दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।
3. अनुभवको हकमा तोकिएको शैक्षिक योग्यता हाँसिल गरि सम्बद्ध कार्यमा कार्यको अनुभव भएको।
4. अन्य प्रचलित कानुन अनुसार अयोग्य नभएको

४. दरखास्त दिने स्थान:- सिरानचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, छोप्राक गोरखा।

५. दरखास्त दिने अन्तिम मिति:- २०८०।०६।२५ गते ५ बजे सम्म।

६. आवेदनको दस्तुर:-सूचना प्रविधि अधिकृत रु. १०००, प्राविधिक सहायक र Opthalmic Assistantc(नेत्र ससहायक) रु ५००

७. छनौटको किसिम:-लिखित परीक्षा र अन्तरवार्ता।

८.आवेदन साथ संलग्न कागजातहरु:- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु।

- नेपाली नागरिकताको प्रमाणपत्र ।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र।
- अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि
- २ प्रति पासपोर्ट साईजको फोटो।

९. नोट:- सम्पादित गर्नुपर्ने कार्यविवरण, पाठ्यक्रम, आवेदनको ढाँचा लगायत अन्य जानकारी www.siranchowkmun.gov.np मा उपलब्ध छ ।

प्रमुख प्रशासकीय अधिकृत